annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२७ पृष्ठ ८ | काठमाडौं, आइतबार ७ पुस २०८१ | पौष कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४५ | SUNDAY, DECEMBER 22, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ऐतिहासिक एनपीएल, जनकपुर च्याम्पियन

हुन त क्रिकेटमा नेपाल एसोसिएट राष्ट्र मात्रै हो । तर, जुन तामझाम र रौनकसाथ एनपीएल सम्पन्न गरेको छ, विश्व क्रिकेटमा नयाँ इतिहास रचेको छ । भव्य आयोजना, संसारका चर्चित र दिग्गज खेलाडीको आगमन, दर्शकको ओइरो र विश्व चर्चित टेलिभिजनमा प्रत्यक्ष प्रशारणले हिमालयमा पनि क्रिकेट चम्केको सन्देश दिएको छ ।




समाचार पृष्ठ २

बिष्णु थापा | काठमाडौं
– को रिपोर्ट

सुनिता डंगोल

## ‘विश्व शान्तिका लागि योग र ध्यानलाई जीवन पद्धतिका रूपमा अपनाउनुपर्छ’



**काठमाडौं** | *अन्नपूर्ण*

प्रधानमन्त्री केपी शर्मा ओलीले युद्ध र अशान्तिबाट त्रस्त विश्वलाई शान्तिमय बनाउन योग र ध्यानलाई जीवन पद्धतिका रूपमा अपनाउनुपर्ने बताएका छन् । विश्व ध्यान दिवस, २०८१ का अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा शनिबार सैनिक मञ्च-टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हतियारको बदला हतियारकै प्रयोगबाट विश्वमा शान्ति कायम नहुने बताए । त्यसका लागि सकारात्मक चिन्तनका साथ ध्यान र योगलाई अपनाउन आग्रह गरे ।

» बाँकी पृष्ठ ५

## ५ महिनामा १३ अर्बको विद्युत् भारत निर्यात

**अन्नपूर्ण** | *काठमाडौं*

चालू आर्थिक वर्षका ५ महिनामा १३ अर्ब ४ करोड रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ । नेपाल विद्युत् प्राधिकरणले चालु आवको साउन, भदौ, असोज, कात्तिक र मंसिरमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको १ अर्ब ७६ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरेको हो । भारत निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट ७ रुपैयाँ ३९ पैसा छ ।



प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु) मा हुने गरेको छ । त्यसैले प्राधिकरणले विद्युत् बिक्री गरी ८ अर्ब १५ करोड भारु आम्दानी गरेको हो ।

साउनमा सबैभन्दा बढी ४ अर्ब १५ करोडको विद्युत् निर्यात भएको छ भने मंसिरमा सबैभन्दा कम २८ करोड १४ लाख रुपैयाँको मात्रै छ । भदौमा ३ अर्ब ६८ करोड, असोजमा ३ अर्ब ७ करोड र कात्तिकमा १ अर्ब ८७ करोड रुपैयाँको विद्युत् भारततर्फ निर्यात गरिएको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोज महिनामा आएको बाढी-पहिरोका कारण ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् केन्द्रमा क्षति पुगेकाले विद्युत् निर्यात प्रभावित भएको बताए ।

माथिल्लो तामाकोशी बन्द भएका कारण त्यसपछिका महिनाहरूमा विद्युत् निर्यात घटेको र सुक्खायाम सुरु भएसँगै जलविद्युत् आयोजनाहरूको उत्पादन घटेकाले गत सालभन्दा यस वर्ष चाँडै आयात गर्नु परेको कार्यकारी निर्देशक घिसिङले जनाए ।

» बाँकी पृष्ठ ५

## संसदीय निर्वाचन बिर्साउने उपभोक्ता समितिको चुनाव

**शम्भु यादव** | *सिरहा*

सुरक्षा घेराभित्र मतदान केन्द्र । महिला र पुरुष मतदाताका अलग-अलग लाइन । भित्र प्रवेश गर्नेबित्तिकै मतदाता नामावलीमा नाम रुजु गर्ने दलका प्रतिनिधि । नाम रुजुपछि मतपत्र दिइन्थ्यो । अनि, इच्छाएको उम्मेदवारलाई मत दिइन्थ्यो । सिरहाको गोलबजारमा शुक्रबार चुनाव थियो । लाग्थ्यो, कुनै संसदीय वा स्थानीय तहको चुनाव भइरहेको छ । तर, चुनाव त थियो-खानेपानी उपभोक्ता समितिको ।

चुनावको प्रचार-प्रसार देख्दा खानेपानी उपभोक्ता समितिको भन्ने भान नै हुँदैनथ्यो । त्यति मात्र होइन, यो चुनावलाई पार्टीहरूले प्रतिष्ठाको विषय बनाएका थिए । दलीय गठबन्धन थिए । घर दैलो र मतदाता शिक्षा यति व्यापक थियो कि- कुनै संसदीय चुनावभन्दा कम थिएन । प्रचार-प्रसार र भोजभतेरमा लाखौं खर्च गरिएको थियो । कानै फुट्ने गरी ‘डिजे’ बजाएका थिए । गाडीका लावालस्कर देख्दा लाग्थो, भव्य मेला चलिरहेको छ ।

चुनाव सम्पन्न पछिको विजयी ¥यालीको कुरै नगरौं । सयौंको जुलुस निस्केका थिए । दलीय पक्ष-विपक्षमा नारावाजी थिए । गोलबजार खानेपानीको चुनावले संसदीय निर्वाचनलाई नै बिर्साएको थियो ।



गोलबजार खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिको चुनावबाट माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उम्मेदवार विजयी भए । कांग्रेस, एमाले, जनता समाजवादी पार्टी(जसपा) र नेकपा (एकीकृत समाजवादी) गठबन्धनका उम्मेदवार पराजित भए ।

कांग्रेसको भोट बाँडिएको स्थानीय नेताहरू बताउँछन् । त्यसैकारणा, माओवादी र रास्वपाका साझा उम्मेदवार जीवछ साह ३ सय ८४ मत प्राप्त गरी उपभोक्ता समिति अध्यक्ष निर्वाचित भए । यस्तै, उपाध्यक्ष अनिलकुमार साह ३ सय ९१ मत, सचिवमा पुजनकुमार सिंह ४ सय १० मत, कोषाध्यक्षमा निर्मला कुमारी ३ सय ८४ मत, सहसचिवमा रामेश्वर साह ३ सय ६७ मत पाएर चुनाव जिते ।

» बाँकी पृष्ठ ५


## पतंजलि योगपीठ नेपालको ध्यानाकर्षण

**पतंजलि योगपीठ नेपालका बारेमा एक राष्ट्रिय दैनिकमा पतंजलि जग्गामा कठघराको खोजी शिर्षकको प्रकाशित लेखका सन्दर्भमा जारी गरिएको पत्र**

१. पतंजलि योगपीठ नेपाल मुनाफा वितरण नगर्ने सामाजिक संस्था हो । यस संस्थाले नेपालको प्रचलित कानूनको अक्षरसः पालना गर्दै नेपालमा योग आयुर्वेद, स्वास्थ्य, शिक्षा, सांस्कृतिक, धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, तथा विभिन्न प्राकृतिक विपत्तिहरूका समयमा अग्रपत्ती (Front Line) मा रही उद्धार तथा राहतका कार्यहरू गर्दै आईरहेको विषयमा यहाँहरू सवै विदितै हुनुहुन्छ ।

२. यस संस्थाले काभ्रे जिल्ला साँगा गाविसमा हदवन्दी छुटबाट खरिद गरिएका जग्गाहरू विक्री गरी अपचलन गरेको भनी आएको लेखका सन्दर्भमा संस्थाले नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६६।१२।०६ को निर्णयबाट प्राप्त भएको निर्देशनको अधिनमा रही जग्गा खरिद विक्री गरेको र विक्रीबाट प्राप्त रकममा १० गुणा वढी रकम थपी जग्गा खरिद गरी देशका विभिन्न स्थानहरूमा योग आयुर्वेद तथा स्वास्थ्य, शिक्षाका सेवामूलक कार्यहरू गर्दै आईरहेको र संस्थाले जग्गा विक्रीबाट प्राप्त भएको १ रूपैंया पनि अपचलन गरेको छैन ।

३. नेपाल सरकारका विभिन्न नियमनकारी निकायहरूले अध्ययन/अनुसन्धान तथा सर्वोच्च अदालतमा विचाराधिन रहेको विषय/मुद्दालाई प्रभावित पार्ने गरी मिडियाहरूमा Media Trial गर्ने, मिडियाबाटै दोषि करार गरी कसुरदार ठहर गर्ने कार्यले कानूनी राज्यको उपहास गरेको देखिन्छ ।

४. काष्ठमण्डप विजनेस होम्स प्रा.लि. संग पतंजलि योगपीठले कुनै पनि कारोवार नगरेको विषयलाई स्पष्ट पार्न चाहन्छौं । पतंजलिलाई आर्थिक लाभ लिनको लागि जग्गा प्लटिङ, खरिद विक्री वा अन्य जग्गाको कारोवार गर्नुपर्ने कुनै आवश्यकता छैन, हामी धर्तीलाई माताको रूपमा पुजा गर्छौं, हामीलाई धर्ती माताको खरिद विक्री गरेर नाफा कमाउने, धन्दा गर्नु पर्ने आवश्यकता पनि छैन र गर्नुपनि छैन, नेपालको प्रचलित कानूनको अधिनमा रही संस्थाका उद्देश्य अनुरूपका सामाजिक सेवा मूलक कार्य गर्नका लागि जग्गा खरिद गरेको व्यहोरा सम्वन्धित सम्पूर्णमा जानकारी गराउन चाहन्छौं ।

५. पतंजलि योगपीठले जुनसुकै निर्णयहरू गर्दा संस्थाको विधानको अधिनमा रही संचालकहरूको विचमा छलफल भई संस्थागत निर्णय गर्ने गरिएकोमा शालीग्राम सिँहको एकल निर्णयबाट गरिएको भनी कपोलकल्पित अभिव्यक्ति दिई भ्रम श्रृजना गर्ने कार्य खेद जनक रहेको छ ।

६. यस संस्थाले विभिन्न व्यक्तिहरूको नाममा रहेको उनीहरूको निजी जग्गाहरू प्रचलित दररेटको रकममा खरिद गरेको हो, कुनै सार्वजनिक पर्ति जग्गाहरू कब्जा गरी विक्री गरेको जस्तो गरी ललिता निवास तथा अन्य सार्वजनिक जग्गाहरूसंगको कारोवारसंग जोडि पतंजलि योगपीठलाई वद्नाम गर्न खोज्नु, भूमाफियाको संज्ञा दिंदै आग्रहपूर्ण अभिव्यक्ति दिनु तथा नेपाल सरकारबाट हदवन्दी छुट लिई जग्गा खरिद गरेको प्रस्ष्टाउँदा पनि पटक पटक त्यही विषयलाई लिएर भ्रम श्रृजना गर्न खोज्नु शोभनीय देखिदैन ।

७. नेपालमा विभिन्न समयमा आएका प्राकृतिक विपत्तिहरू (भुकम्प, वाढी पहिरो, कोरोना, आगलागि) मा पतंजलि योगपीठका ५ लाख योग शिक्षकहरू नागरिकहरूको सेवामा अहोरात्र खटी उद्दार गरेको सवै नागरिकहरूलाई विदितै छ, तर कतिपय मिडिया र व्यक्तिहरू पतंजलि तथा पुज्य स्वामी जी महाराज र पुज्य आचार्य श्री महाराज जीले शक्तिको दुरूपयोग गरेको भनी मिथ्या आरोप लगाउनु घोर आपत्ति जनक रहेको छ, उहाँहरूले पतंजलि योगपीठ मार्फत नेपालमा सहयोग गर्नु भएको हो, उहाँहरूले नेपालबाट १ रूपैंया पनि आफूले लानु भएको छैन तथापी विभिन्न मिडिया र व्यक्तिहरूले उहाँहरूका विरूद्ध अनर्गल प्रचार गरी पतंजली जस्तो विशुद्ध सामाजिक संस्थालाई वद्नाम गराई योग, ध्यान, आयुर्वेद लाई ध्वस्त् वनाई नेपाललाई साँस्कृति धार्मिक र योगबाट एकिकृत तथा भातृत्व कायम गर्ने तथा नेपाल र भारत विचको मैत्री सम्वन्धलाई स्थापीत गर्ने महाअभियानलाई खण्डित गर्ने दुष्मनसायले लागिपरेको आभाष हामीले अनुभव गरिरहेका छौं ।

८. यस संस्थाले "समृद्ध नेपालः सुखी नेपाली"को मर्मलाई आत्मसाथ गर्दे, नेपालमा योग, आयुर्वेद, स्वास्थ्य, शिक्षा, अर्गानिक कृषी, गुरूकुल वैदिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, मौलिक संस्कृति, धार्मिक सहिष्णुता, राष्ट्रिय एकता निमार्ण आदि कार्यहरू गरी राष्ट्रलाई समृद्धिको मार्गमा डोऱ्याउने उद्देश्यका साथ पूर्वाधार निमार्णको तयारीमा जुटिरहेको अवस्थामा यस्ता हतोत्साहित् गर्ने अभिव्यक्तीहरूले राष्ट्रलाई समेत अन्धकारमा धकेल्ने छ, उन्नतीका मार्गहरू वन्द हुनेछन् ।

**अन्त्यमा,**

पतंजलि योगपीठ नेपालले हालसम्म प्राप्त गरेका उपलब्धीहरू नेपाल सरकार, नेपाली नागरिक, आम संचार माध्यम एवं सम्पूर्ण शुभचिन्तकहरूको समन्वय, सहकार्य र सहकारिताको माध्ययमबाट प्राप्त गरिएको हो र आगामी दिनमा समेत हामी विच आपसी सद्भाव, मित्रता र सहकार्य गरी समृद्ध नेपाल : सुखी नेपालीको नारालाई सान्दर्भिकता प्रदान गर्न तथा राष्ट्रको दिगो विकासमा जोडिन महत्वपूर्ण सन्देश प्रवाह गर्दै नेपाल र नेपाली नागरिकको हितमा समर्पित रहि कुनै पनि प्रकारका दुषित् मनोवृत्तिका अभिव्यक्ति, दुराशय प्रवृति र भ्रामक प्रचारबाट रत्तिभर विचलित नभई नियमित रूपमा योग प्रशिक्षण, सामाजिक सेवा र नागरिक सेवामा अनवरत रूपमा लागिरहनु हुन सवैमा हार्दिक अनुरोध गर्दछौं ।

**धन्यवाद ।**

**मिति २०८१।०९।७** **पतंजलि योगपीठ नेपाल परिवार**